# जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

## मधेश प्रदेश, नेपाल

☎ ०१९७७-३३-५२०११६
५२००१५
५२०७७०


पत्र संख्याः-२०८१/०८२
चलानी नम्बरः- ४५६

मितिः- २०८१/१०/१०

**विषयः- सहभागिता सम्बन्धमा ।**

श्री स्थानीय तह सवै
सिरहा

उपरोक्त सम्बन्धमा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तहहरुले आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा गर्दै स्थानीय तहका असल अभ्यास सम्बन्धी अनुभव एवम् सिकाईको आदान-प्रदान सम्बन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले यस जिल्ला अन्तर्गतका स्थानीय तहहरुको अनिवार्य उपस्थिति हुने व्यवस्थामा सहजीकरण गरिदिनुहुन भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) सिंहदरवार, काठमाण्डौको च.नं. १३२ मिति २०८१/१०/०८ गतेको पत्रबाट लेखिआएको हुँदा सो कार्यक्रममा ताँहा स्थानीय तहबाट प्रमुख प्रशासकिय अधिकृतलाई सहभागि गराई दिनु हुन सादर अनुरोध छ ।

**तपसिलः-**

मितिः- २०८१/१०/१३ देखि १५ गतेसम्म
आइपुग्नु पर्ने समयः- २०८१/१०/१३ गते अपरान्ह ४ बजेसम्म
स्थान : गौतम होटल, बर्दिबास, महोत्तरी ।

*नोटः-*

- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था मन्त्रालयको तर्फबाट हुनेछ । कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ । दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च मन्त्रालयबाट उपलब्ध गराईने छैन ।
- कार्यक्रमको उद्घाटन सत्र र समापन सत्र सामुहिक रुपमा हुनेछ । स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्बन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा तिनीहरुलाई आवश्यकता अनुसार समुहमा बिभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ ।
- आफ्नो जिल्ला अन्तर्गतको प्रस्तुतीकरण पश्चात जिल्ला समन्वय अधिकारीबाट Observation' मन्तव्य/ प्रस्तुतीकरणका लागि समय उपलब्ध गराईने छ ।
- कार्यक्रम सम्बन्धी थप जानकारी आवश्यक भएमा ९८५१०३१६२७ वा ९८४३५५४८८८ मा सम्पर्क राख्न सकिनेछ ।

..............................
लक्ष्मण कुमार सेठ
नि.जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी

बोधार्थः-
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)
सिंहदरवार, काठमाण्डौ ।